# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**लालबन्दी, सर्लाही**

**मधेश प्रदेश, नेपाल**

## आर्थिक वर्ष २०८०/०८१ को लागि लखन्देही खोला र फुलजोर खोलाको नदीजन्य पदार्थको उत्खनन्, घाटगद्दी तथा बिक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको बोलपत्र आव्हान सम्बन्धी सूचना

**(दोश्रो पटक प्रकासित मितिः २०८०/१२/२५)**

लालबन्दी नगरपालिकाको मिति २०८०/१२/२३ गतेको निर्णय बमोजिम, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा-११ को उपदफा(२) को घ(६) को व्यवस्था, सोही ऐनको दफा ६२ को उपदफा (१), मधेश प्रदेशको आर्थिक ऐन, २०८० को दफा ८ मा निर्धारित प्रक्रिया र उल्लेखित खोलाहरुको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन र बोलपत्रमा उल्लेखित शर्त बमोजिम यस लालबन्दी नगरपालिका अन्तर्गत पर्ने तपसिलमा उल्लेखित खोलाहरुको तपसिलमा उल्लेखित नाकाहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ निकाली लालबन्दी नगरपालिकाले तोकेको दररेटमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तहरुको अधिनमा रही आफ्नो फर्म ईजाजत पत्र नवीकरण भएको प्रमाणपत्र, मु.अ. कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र, आर्थिक बर्ष २०७९/०८० को कर चुक्ता वा म्याद थपको प्रमाणित प्रतिलिपिहरू, कारवाहीको वा कालोसूचीमा नपरेको स्वःघोषणा र अख्तियारनामा सहित दोस्रो पटक सूचना प्रकाशित भएको मितिले १६औं दिनको मध्यान्ह १२:०० बजेसम्म रितपूर्वक बोलपत्र **(E-Bidding)** आव्हान गरिएको छ। विस्तृत शर्त तथा बोलपत्र फारम र सोसँग सम्बन्धित कागजातका लागि **www.bolpatra.gov.np/egp** वा यस कार्यालयको वेबसाइट **www.lalbandimun.gov.np** मा हेर्नुहुन समेत सूचित गरिन्छ।

<u>तपसिलः</u>

| क्र. सं. | ठेक्का नं. | ठेक्काको विवरण | उत्खनन् स्थान | उत्खनन् बस्तु | कुल उत्खनन् परिमाण (घ.मि.) | न्युनतम अंक/ ठेक्का रकम (भ्याट बाहेक) | न्युनतम धरौटी रकम | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|---|---|---|
| १ | आ. आ. १८ | लखन्देही खोलाको नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदि) उत्खनन् संकलन तथा बिक्री वितरण | लालबन्दी न.पा. (बाहुने नाका, कोइरी टोल नाका, हिरापुर नाका) | ढुंगा, गिट्टी, ग्राभेल र बालुवा | १३४०५.५ | रु.२२,७८,९३५/- (बाईस लाख, अठहत्तर हजार, नौ सय पैतिस मात्र) | कबोल अंकको ५% | रु.३०००/- |
| २ | आ. आ. २० | फुलजोर खोलाको नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदि) उत्खनन् संकलन तथा बिक्री वितरण | ढाडा टोल नाका, प्रताप टोल नाका, फुल्जोर र कालिन्जोर दोभान | ढुंगा, गिट्टी, ग्राभेल र बालुवा | ८७५७ | रु.१४,८८,६९०/- (चौध लाख, अठासी हजार, छ सय नब्बे मात्र) | कबोल अंकको ५% | रु.१०००/- |

**प्रमुख प्रशासकीय अधिकृत**